**कारोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख २३ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख २३ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** अत्यावश्यक बस्त तथा सेवा ढुवानीका लागि जिल्ला प्रशासन कार्यालय ,कञ्चनपुरबाट लिएका सबै पास रद्द गरिएका छन् । लकडाउनका कारण खाद्यान्नलगायतका अत्यावश्यक बस्त ढुवानीका लागि सवारी साधन चलाउन पास  लिएका सवारी साधनको दुरुपयोग हुँन थालेपछि वैशाख २२ गतेदेखि जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले विभिन्न मितिमा जारी गरेका सबै पास रद्द गरेको जनाएको छ । प्रमुख जिल्ला अधिकारी नूर खतिवडाले अवधि नतोकिएका सवारी साधनको दुरुपयोग भएकाले अर्को व्यवस्था नहुँन्जेलसम्म पास रद्द गरिएको जानकारी दिनुभयो ।
उहाँले भन्नु भयो-' अवधि नै नतोकेर पास दिइएको थियौं । त्यस्ता सबै पास रद्द गरेका हौं ।'
विभिन्न खाद्यान्न, तरकारी, दुध, ग्यास, पानी लगायतका अत्यावश्यक बस्त ढुवानीका लागि भन्दै पास लिएका सवारी साधनले मदिरालगायत व्यावसायिक बस्त ढुवानी गर्न थालेपछि त्यसको विरोध भएको थियो । जनप्रतिनिधिले लकडाउन प्रभावकारीसमेत हुँन नसकेको भन्दै कोरोनाको जोखिम बढ्ने भएकाले लकडाउन कडाइ गर्न अनुरोध गरेका थिए । खुलेआम अत्यावश्यक सामान ढुवानीका लागि पास लिइएका सवारी साधनको अन्य व्यापारीक सामान ढुवानीमा प्रयोग भएकाले त्यस्तो गतिविधि रोक्न जनप्रतिनिधिहरूले माग गर्दै आएका थिए ।

**इन्सेक बाजुरा जिल्ला प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** बडिमालिका नगरपालिकाले पत्रकारहरुलाई सुरक्षा सामग्री र खद्यन्न सहयोग गरेको छ । बाजुरा जिल्लाबाट देशका बिभिन्न मिडियामा काम गर्ने सञ्चारकर्मीहरुलाई मास्क, सेनिटाइजर लगायत खाद्यन्न सहयोग गरेको नेपाल पत्रकार महासघ बाजुराका सचिब प्रेम बिकले बताउनु भयो । महामारीको समयमा पत्रकारहरुले जोखिमपूर्ण रुपमा समाचार सङ्कलनमा जानु पर्ने भएकोले जोशीमबाट बच्न सुरक्षा सामग्रीसहीत खाद्यन्न सहयोग गरेको बडिमालिका नगरपाकिाका मेयर पदम बडुवालले बताउनु भयो । लकडाउन सुरु भएको लामो समय भएकोले दैनीक रिर्पोटिङमा रहेका ३१ ज्ना पत्रकारहरुलाई राहतस्वरुप ३० किलोका दरले चामल, एक सेनिटाइजर, ६ ओटा मास्क सहयोग गरेको नगरपालिकाले जनाएको छ ।
वेणी नगरपालिकाले पढाइको सिलसिलामा जिल्ला भन्दा बाहिररहेका विद्यार्थीहरुलाई राहतस्वरुप २ हजार रुपियाँका दरले पठाउने निर्णय गरेको छ । भाडामा बस्ने विद्यार्थीहरुलाई धेरै समस्या हुने भएकाले वैशाख २२ गते बसेको नगरकार्यपालिकाको बैठकले यस्तो निर्णय गरेको हो । पढाईको सिलसिलामा काठमाडौं, पोखरा नेपालगञ्ज , धनगढी र महेन्दनगर लगायतका शहरमा रहेकाहरुलाई सम्बन्धित ठाउँमा नै रकम उपलब्ध गराउने निर्णय गरेको नगर प्रमुख रामसिंह रावलले बताउनु भयो । उहाँका अनुसार जिल्ला भन्दा बाहिर रहेका विद्यार्थीको सङ्ख्या सङ्कलन गरी रमक वितरण गरीने र यसको सम्पुर्ण जिम्मा नगरपालिकाका नौ ओटै वडा अध्यक्षलाई दिइसकेको छ । पढाइको सिलसिलामा जिल्ला बाहिर रहेका विद्यार्थीले सम्बन्धित वडाका अध्यक्षलाई सम्पर्क गर्न पनि नगर प्रमुख रावलले आग्रह गर्नु भएको छ ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** थलारा गाँउपालीका घर भई भारतको रामपुरमा ३९ दिनदेखि क्वारेन्टाइनमा बस्दै आएका १३ जना महिलासहित ९३ जना नेपालीलेहरुले आफूहरुको उद्धारका लागि पहल गरीदिन अनुरोध गरेका छन् । भारतको विभिन्न क्षेत्रवाट घर आउनका लागि हिडेका उहाँहरु नेपाल भारत लकडाउनका कारण आवतजावत बन्द भएपछि भारतीय प्रहरीले रोकेको थियो । रामपुरको एक सार्वजनिक घरमा बनाएको क्यारेन्टाइनमा भारतीय प्रहरी प्रशासनले सामान्य पुरी खान दिइरहेको भए पनि बस्नलाई समस्या भएको क्वारेन्टाइनमा बस्दै आउनु भएका भरत थापाले जानकारी दिनुभयो ।
उहाँले भन्नु भयो -'हामीलाइ धेरै दुःख भएको छ । क्वारेन्टाइनमा एक जना महिला सुत्केरी हुँनु भएको छ । महिला ,केटाकेटी छन् । नेपाल सरकारलाई उद्दारका लागि अनुरोध गर्दछौं ।'
'भारतको रामपुरमा रहेका हामी सबै जना थलारा गाउँपालिका दंगाजी पाराकाट्ने र कोटभैरमा घर भएका हौँ । यहाँ दुख समस्या धेरै छ, टेलीफोनमार्फत अम्मर थापाले भने । भारतमा थप लकडाउन बढाएपछि आफूहरु थप चिन्तामा छौँ ।'
भारतीय क्वारेन्टाइनमा बस्दै आएका अम्मर थापाले स्थानीय जनप्रतिनधिहरुसँग धेरै पटक फोन गरेर समस्या दर्शाउँदा समेत सुनवाइ नभएको बताउँदै आफूहरुको उद्धार गरी दिन इन्सेक र पत्रकारलाई समेत आग्रह गरेका छन् ।

**इन्सेक बैतडी जिल्ला प्रतिनिधि नरी बडुका अनुसार** लकडाउनका कारण भारतका विभिन्न शहरमा अलपत्र परेका नेपाली मजदुरको बिचल्ली भएको छ । विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरसका कारण भारत सरकारले लकडाउन घोषणा गरेपछि नेपाली मजदुर अलपत्र परेका हुन् । लकडाउनले मजदुरी खोसिएसँगै बेहाल भएको दिल्लीमा अलपत्र अवस्थामा रहेका दोगडाकेदार गाउँपालिका- ३ श्रीकोटका नरेश धामीले बताउनु भयो । लकडाउन भएदेखि खान बस्न समेत राम्रोसँग नपाएको उहाँले भनाइ छ ।
अलपत्र परेका नेपाली नागरिकमध्ये अधिकाङ्श सुदूरपश्चिम प्रदेशका रहेका भारतको दिल्लीमा बिचल्लीमा परेका दोगडाकेदार गाउँपालिका- ८ कालागाँउका डम्बर बिष्टले जानकारी दिनुभयो । बेंग्लोरबाट घर फर्किन भनेर आएका बैतडीका ५० जना दिल्लीमा ४० दिनदेखि अलपत्र परेको उहाँले बताउनु भयो । बेंग्लोरबाट रेलमा चढेर घर फर्कर्दै गर्दा दिल्ली पुग्दा लकडाउनले रेलसेवा बन्द हुँदा बिच बाटोमै अलपत्र परेको विष्टले जानकारी गराउनु भयो ।
खानाको लागि केही दिन अगाडी राहत पाएको भएपनि आजभोली कसैले पनि चाँसो नदिएको अर्का मजदुर गणेश विष्टले गुनासो गर्नुभयो । भारतस्थित नेपाली राजदुतावासमा पनि उद्धारका लागि गुहारेको भएपनि केही सुनुवाई नभएको उहाँले बताउनु भयो । दुतावासलाई पनि नेपालसम्म पुऱ्याउन आग्रह गरिसकेको भएपनि दुतावासले पनि केही गर्न नसक्ने भनेको गणेश विष्टको भनाइ छ ।
अलपत्र मजदुरको उद्धारको लागि पहल थालिने प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले बताउनु भयो । अलपत्र मजदुर समस्यामा रहेको भए तथ्याङ्क सङ्कलन गरी परराष्ट्र मन्त्रालयमा पठाइने प्रमुख जिल्ला अधिकारी पौडेले बताउनुभयो ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** नौगाड गाउँपालिकाको वडा नम्बर ३ मा स्वैच्छिक राहत सङ्कलन सुरु गरिएको छ । दैनिक ज्यालादारीमा काम गर्ने असङ्गठित मजदुर गरिब, असहाय तथा विपन्न दलित परिवारलाई खाद्यन्न सङ्कट हुँन नदिन वडाले स्वैच्छिक राहत सङ्कलन गरेको हो । वडा नम्बर ३ का वडा अध्यक्ष बहादुरसिह बोहराको संयोजकत्वमा गठन भएको राहत

सङ्कलन, वितरण तथा व्यवस्थापन समितिको अगुवाईमा वडा नम्बर ३ मा स्थायी ठेगाना भएका कर्मचारी, जनप्रतिनिधि, व्यापारी तथा समुदायका नागरिकहरुबाट राहत सङ्कलन भइरहेको वडा कार्यालयले जनाएको छ ।

लकडाउनका कारण प्रत्येक्ष मार्कामा परेका मजदुर, गरिब परिवारलाई नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जारी गरेको राहत वितरण मापदण्ड कार्यविधी २०७७ अनुसार एकद्धार प्रणाली अनुसार राहत वितरण गरिने वडा अध्यक्ष बहादुरसिंह बोहराले जानकारी दिनुभयो । हालसम्म ७ क्विन्टल ९० केजी चामल, १ सय पिस साबुन, १० केजी नुन, र ३२ हजार ८ सय रुपियाँ नगद सङ्कलन गरिएको वडा नम्बर ३ को कार्यालयले जनाएको छ ।

महाकाली नगरपालिकाले झण्डै २ हजार ३ सय घरधुरीलाई राहत वितरण गरेको जनाएको छ । लकडाउनका कारण समस्यामा परेका गरिब, असङ्गठित क्षेत्रका श्रमिक, मजदुर लगायतलाई वैशाख २३ गतेसम्म २ हजार २ सय ८५ घरधुरीलाई राहत वितरण गरिसकेको महाकाली नगरपालिकाका सूचना अधिकारी युवराज जोशीले जानकारी दिनुभयो । नगरपालिकाले वडा नम्बर १ मा ३ सय २७ , वडा नम्बर २ मा १ सय ५५, वडा नम्बर ३ मा २ सय ८६ , वडा नम्बर ४ मा ५ सय ४५, वडा नम्बर ५ मा २ सय ८३ , वडा नम्बर ६ मा १ सय ७९ , वडा नम्बर ७ मा १ सय ४६ , वडा नम्बर ८ मा २ सय ९१ र वडा नम्बर ९ मा ७३ घरधुरीलाई राहत वितरण गरेको तथ्याङ्क रहेको महाकाली नगरपालिकाका सूचना अधिकारी जोशीले बताउनु भयो । नगरपालिकाले अहिले पनि राहत वितरण गरिरहेको कारण तथ्याङ्क अझै बढ्न सक्ने जोशीको भनाइ छ । नगरपालिकाले अहिले दोस्रो चरणको राहत वितरण गरिरहेको छ । नगरपालिकाले प्रति व्यक्ति पाँच केजी चामल पर्ने गरी बढिमा ठूलो परिवारलाई ४० केजीसम्मको राहत वितरण गरेको छ ।

अत्यावश्यक बस्तु आपूर्ति सहज बनाउन जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट जारी भएका सबै पास वैशाख २३ गतेदेखि लागु हुँने री रद्द गरिएको छ । बन्दाबन्दीको बेला अत्यावश्यक खाद्यान्नलगायत, निर्माण सामग्री, सवारी ओसारपसार लगायतमा जारी गरिएका सबै प्रकारका पासहरु रद्द गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलाले जनाएको छ । लकडाउनका क्रममा अत्यावश्यक खाद्यान्न लगायत बस्तु आपूर्ति गर्न विभिन्न मितिमा जारी भएका पासहरु सबै रद्ध गरिएको प्रमुख जिल्ला अधिकारी यदुनाथ पौडेलले बताउनु भयो । लकडाउनलाई प्रभावकारी बनाउन छिमेकी जिल्लाहरुमा पनि पास बन्द गरिएका कारण दार्चुलाबाट जारी गरिएका पासहरु बन्द गर्नु परेको जिल्ला प्रशासन कार्यालय दार्चुलाले जनाएको  छ ।

जिल्ला प्रशासन कार्यालयले भनेकोछ, विरामी बोक्ने सवारी पासबाहेक सबै किसिमका मालबाहक पासहरु बन्द गरिएको छ । जिल्ला प्रशासन कार्यालय, दार्चुलाले यसअघि खाद्यान्न, यात्रु ओसार्न, निर्माण सामग्री ढुवानी तथा निर्माण कार्य सुचारु गर्न पासको व्यवस्था गरेको थियो ।

मालिकार्जुन गाउँपालिकाले वैशाख २३ गते ५६ जना दिर्घरोगीलाई निःशुल्क औषधि वितरण गरेको छ । मालिकार्जुन गाउँपालिका स्वास्थ्य शाखाले वडा नम्बर १ मा ३५ जना र वडा नम्बर २ मा २१ जनालाई निःशुल्क औषधि वितरण गरेको हो । दुई ओटै वडामा गाउँपालिकाले २६ जना महिला तथा ३० जना पुरुषलाई निशुल्क औषधि वितरण गरेको मालिकार्जुन गाउँपालिका स्वास्थ्य सहसंयोजक रामदत्त जोशीले जानकारी दिनुभयो । दिर्घरोगीले औषधि लिन सदरमुकाम खलंगा, नेपालका विभिन्न शहर र भारतमा गएर औषधी ल्याउन समस्या भएपछि गाउँपालिकाले दिर्घरोगीलाई निःशुल्क औषधि वितरण गर्ने निर्णय गरेसँगै वैशाख २२ गतेदेखि औषधी वितरण शुरु गरेको थियो । गाउँपालिकाले आठ ओटै वडाका स्वास्थ्य चौकीमार्फत दिर्घरोगीलाई औषधि वितरण गर्ने जनाएको छ ।

कोरोना सङ्क्रमण जोखिम नियन्त्रण र औषधि सेवन गर्न नपाएकै कारण दिर्घरोगीहरुको स्वास्थ्य स्थिती विग्रिन नदिन तथा ज्यान जोखिममा पर्नबाट जोगाउन औषधि वितरण गरिएको मालिकार्जुन गाउँपालिका स्वास्थ्य संयोजक गुणराज ओझाले बताउनु भयो ।

**इन्सेक डडेल्धुरा जिल्ला प्रतिनिधि भूपेन्द्र विष्टका अनुसार** कोराना भाइरस (कोभिड-१९) बारे सत्यतथ्य खबर सम्प्रेषण गर्न कार्यक्षेत्रमा खटिने पत्रकारहरुलाई वैशाख २३ गते ग्रामिण महिला विकास तथा एकता केन्द्र (रूडुक)को सहयोगमा प्रेस युनियन, डडेल्धुराले आवश्यक सुरक्षा सामग्री प्रदान गरेको छ । सामाजिक उत्तरदायित्व तथा नागरिकलाई सूचना प्रवाह गर्ने महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्दै आएका पत्रकारको सुरक्षार्थ १५ थान प्रेस ज्याकेट र २० थान एन-९५ मास्क वितरण गरिएको प्रेस युनियनका अध्यक्ष धनबहादुर भण्डारीले जानकारी दिनुभयो । दिनरात नभनी अहोरात्र खटिने सञ्चारकर्मी नै सुरक्षित रहेन भने जनताले सही सूचना पाउन नसक्ने भन्दै सुरक्षार्थ स्वास्थ्य सुरक्षा सामग्री सहयोग गरेको रूडुक, डडेल्धुराका कार्यकारी निर्देशक सरस्वती खड्काले बताउनु भयो । आगामी दिनमा पनि जिल्लामा कार्यरत सञ्चारकर्मीहरूलाई स्यानिटाइजर लगायतका स्वास्थ्य सुरक्षा सामग्री वितरण गरिने खड्काको भनाइ छ ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** सुदूरपश्चिम प्रदेश सरकारले स्थापना गरेको सुदुरपश्चिम (कोभिड - १९) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष २०७६ बाट हालसम्म ३२ करोड २५ लाख ९२ हजार रुपियाँ खर्च गरिएको सुदुरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव कृष्णबहादुर रावतले बताउनु भयो । प्रदेश सरकारले स्थापना गरेको कोषमा सरकार आफैले ४० करोड र अन्य क्षेत्रबाट भएको सहयोग रमक गरी २ करोड ३८ लाख ८५ हजार ४ सय ४७ रुपैया जम्मा भएको राततले बताउनु भयो । कारोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि ८८ ओटै स्थानीय तहलाइ १५ करोड २६ लाख रकम उपलब्ध गराएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव रावतले बताउनु भयो । सुदुरपश्चिम प्रदेश मन्त्री स्तरीय निर्णयले वैशाख ३ गते भेन्टिलेटर लगायत अन्य स्वास्थ्य सामग्री खरिदका लागी सामाजिक बिकास मन्त्रालयलाई १५ करोड ७३ लाख ८० हजार रुपियाँ उपलब्ध गराएको रावतले बताउनु भयो । यसैगरी प्रदेशका नौ ओटै जिल्ला प्रशासन कार्यालयलाई ५ लाखको दरले ४५ लाख, प्रदेश प्रहरी कार्यालय, नेपाली सेना तथा सशस्त्र प्रहरीलाई प्रत्येकलाई १५ / १५ लाखका दरले ४५ लाख र राष्ट्रिय अनुसन्धान बिभागलाई १० लाख रुपियाँ उपलब्ध गराएको र वैशाख १४ गतेको सुदुरपश्चिम प्रदेश मन्त्री स्तरीय निर्णयले गोदावरी नगरपालिकालाई थप ३ लाख, प्रदेशका नौ ओटै जिल्ला प्रहरी कार्यालय मध्ये कैलाली र कञ्चनपुरलाई ५ / ५ लाख र अन्य जिल्ला प्रहरी कार्यालयलाई ३ / ३ लाख गरी ३१ लाख र नौ ओटै जिल्लाका सशस्त्र प्रहरी गण र गुल्मलाई २४ लाख रुपियाँ उपलब्ध गराएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव रावतले जानकारी दिनुभयो । अहिले कोषमा ९ करोड ७९ लाख ६५ हजार ४ सय ४७ रुपियाँ मौज्दात रहेको रावतको भनाइ छ ।

**इन्सेक डोटी जिल्ला प्रतिनिधि बाशुदेव जोशीका अनुसार** जिल्ला विपद व्यवस्थापन समितिको बैठकले जिल्ला बाहिरबाट आएका सबै जनालाई होम क्वारेन्टाइनमा राख्ने निर्णय गरेका विपद व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी टेकनारायण पौडेलले बताउनु भयो । प्रदेश सरकारले कोराना भाइरस तथा रोकथाम न्युनिकरण गर्नको लागि मार्ग निर्देशन अनुसार जोखिम क्षेत्र भित्र नभएका व्यक्तिलाई व्यवस्थापन गर्न क्वारेन्टाइमा रहेका व्यक्तिहरुको चेकजाँज गरी घर पठाउने निर्णय

भएको प्रमुख जिल्ला अधिकारी पौडेलले  बताउनु भयो । भारतबाट आउनेहरुलाई भने अनिवार्य २१ दिन क्वारेन्टाइमा राखिनु पर्ने जिल्ला समन्वय समितिका संयोजक रामबहादुर ऐरले बताउनु भयो । साथै, जिल्लामा भएका भौतिक निर्माणको कामलाई सहज बनाउने  निर्णय भएको ऐरले बताउनु भयो । पछिल्लो समयमा जिल्ला बाहिरबाट आएका २ सय ५८ जनालाई स्थानीय तहले तायर गरेका क्वारेन्टाइमा  राखिएको   जिल्ला  स्वास्थ्य कार्यालय, डोटीका कोराना सम्पर्क व्यक्ति सुर्य बिष्टले बताउनु भयो ।

**इन्सेक सुदूपश्चिम प्रदेश कार्यालय, धनगढी**